**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

**<u>नमूना बिद्यालय छनौटका आधारहरु २०७३</u>**

## पृष्ठभूमी

नमूना माध्यमिक बिद्यालय स्थापना, बिकास र सन्चालन सम्वन्धी अवधारणा पत्र २०७३ मा उल्लेख भए बमोजिमको अवधारणालाई कार्यन्वयनमा ल्याउने क्रममा बिभिन्न जिल्लामा नमूना बिद्यालको रुपमा बिकास गर्न सकिने उच्चतम् सम्भावना भएका बिद्यालयहरु छनौट गर्न बिशेष गरी भूकम्पवाट अति प्रभावित १४ जिल्लामा पुन निर्माणको सन्दर्भमा तत्काल १९ ओटा यसप्रकारका सम्भाव्य विद्यालयहरु पहिचान तथा छनौट गर्नुपर्ने भएकोले हाल सन्चालनमा रहेका विद्यालयहरुमध्येवाट उच्चतम क्षमता वोकेका बिद्यालय छनौट गर्ने सम्वन्धमा शिक्षा मन्त्रालयवाट यो **नमूना बिद्यालय छनौटका आधारहरु २०७३** तयार पारिएको छ ।

### छनौटका आधारहरु

बिद्यालय छनौटका लागि मुख्यतया दूइओटा आधारहरु लिइने छ :

१. छनौटमा प्रतिस्पर्धा गर्न चाहने बिद्यालयमा अनिवार्य रुपमा हुनुपर्ने न्यूनतम शर्तहरु
२. न्यूनतम शर्तहरु पुरा गरेका विद्यालयमध्ये छनौटका लागि अङ्क भार प्रदान गरिने आधारहरु

### १. छनौटमा प्रतिस्पर्धा गर्न चाहने बिद्यालयमा अनिवार्य रुपमा हुनुपर्ने न्यूनतम आधारहरु

नमूना बिद्यालयको रुपमा छनौट हुनका लागि इच्छुक बिद्यालयहरुले लिखित आवेदन दिनु पर्नेछ । यसरी आवेदन दिन चाहने बिद्यालयहरुले अनिवार्य रुपमा देहायका सवै शर्तहरु पुरा गरेको हुनु पर्नेछ । तलका चार मध्ये कुनै एक वा सो भन्दा वढी अवस्था पुरा नभएको बिद्यालय छनौटका लागि प्रतिस्पर्धामा सामेल हुन योग्य मानिने छैन :

क) <u>उच्च माध्यमिक बिद्यालय हुनु पर्नेछ</u>: कक्षा १ देखि १२ सम्म सञ्चालन भएको उच्च माध्यमिक बिद्यालय हुनु पर्नेछ । यस वाहेक आदर्श बिद्यालयको रुपमा सञ्चालन गर्न छनौट गरिने बिद्यालयका लागि सामुदायिक विद्यालय वा सार्वजनिक गुठी अन्तर्गत सञ्चालन भएका संस्थागत बिद्यालयलयहरुले पनि आवेदन दिन पाउने ब्यबस्था गर्न सकिनेछ । तर हाल भूकम्पवाट अति प्रभावित १४ जिल्लामा पुन : निर्माणको सन्दर्भमा प्रत्येक जिल्लामा एक एकओटाका दरले छनौट हुने १४ ओटा बिद्यालय सामुदायिक उच्च माध्यमिक बिद्यालय नै हुनु पर्नेछ ।

ख) <u>बिद्यालयको आफ्नै नाममा पर्याप्त जग्गा भएको हुनु पर्नेछ</u> : बिद्यालयलाई कक्षा १ देखि १२ सम्मको पठन पाठनका लागि आवश्यक पर्ने कक्षा कोठा , पुस्तकालय , बिज्ञान प्रयोगशाला , सन्चार ल्याव, छात्र छात्राका लागि अलग अलग शौचालय अडिटोरियम हल र चमेना गृह निर्माण र एसेम्वलीका लागि चाहिने न्यूनतम आवश्यक जग्गा भएकै हुनुपर्ने छ । यसको लागि तराइमा भए न्यूनतम २ बिघा र हिमाली तथा पहाडी क्षेत्रमा भए न्यूनतम १० रोपनि जग्गा भएकै हुनु पर्दछ ।

ग) <u>प्राकृतिक प्रकोपका दृष्टिले सुरक्षित स्थानमा रहेको बिद्यालय हुनु पर्नेछ</u> : बिद्यालयको भौगोलिक अवस्थिति बाढी पैह्रो र भूक्षयका दृष्टिले जोखिमपूर्ण स्थानमा नरहेको हुनु पर्दछ । कुनै बिद्यालय जोखिम पूर्ण स्थानमा छ वा छैन भन्ने बिबाद उत्पन्न भएमा जिल्ला शिक्षा कार्यालयले जिल्ला भूसंरक्षण कार्यालयको राय समेतका आधारमा जिल्ला दैवी प्रकोप उद्दार समितिसंग परामर्श गरी प्रारम्भिक टुङ्गो लगाउनु पर्ने छ ।

घ) <u>बिद्यालय ब्यबस्थापन समितिको लिखित प्रतिवद्दता र स्थानीय निकायको सिफारिस प्राप्त भएको हुनु पर्नेछ</u>: आवेदन दिन चाहने बिद्यालयको बिद्यालय ब्यबस्थापन समिति कानूनले तोके बमोजिम क्रियाशिल रहेको हुनु पर्दछ । बिद्यालय ब्यबस्थापन समितिले बैठकवाट निर्णय गराइ आफ्नो बिद्यालयलाई नमूना बिद्यालयको रुपमा बिकास गर्न नेपाल सरकार लगायतका निकायवाट समय समयमा प्राप्त हुने निर्देशन अनुरुप काम गर्न लिखित प्रतिवद्ता जाहेर भएको हुनु पर्नेछ । स्थानीय निकाय गाँउ पालिका/गाँउ बिकास समिति वा नगरपालिकावाट बिद्यालयको बिकास र सन्चालनमा आवश्यक सहयोग र समन्वय गर्न सकिने वा नसिकने भन्ने राय सहितको सिफारिस पत्र पनि बिद्यालयले यसैसाथ पेश गर्नु पर्नेछ ।

## २. न्यूनतम शर्त पुरा गरेका विद्यालयमध्ये छनौटका लागि अंक भार प्रदान गर्ने बिधि

माथि बुँदा नं १ मा उल्लेख भएका अनिवार्य शर्तहरु मध्ये सबै शर्त पुरा गरेका विद्यालयहरुमध्येवाट कुल १०० पूर्णाङ्कलाई तल दिइएको आधार तथा सूचक बमोजिम अङ्कभार बिभाजन गरि ति सूचकहरुको मापनको आधारमा सबैभन्दा धैरै अङ्क प्रप्त गर्ने बिद्यालयलाई उच्चतम क्षमता बोकेको बिद्यालय मानि पूर्वाधार निर्माणका लागि छनौट गरिनेछ:

| **क्रसं** | **सूचक** | **अंक भार** | **गणना बिधि** |
|---|---|---|---|
| १ | कक्षा ११ र १२ मा पढाइ हुने | २० | • बिज्ञान विषयको एकधार मात्र पढाइ हुने भएमा – १० अङ्क दिने<br>• बिज्ञान बिषय वाहेक कुनै दुइ धार (जस्तै वाणिज्य र शिक्षा) को पढाइ |

| | | | |
|---|---|---|---|
| | बिषयहरु | | हुने भएमा – १० अङ्क दिने<br>• बिज्ञान विषय सहित अर्को कुनै एक धार गरी दुइधारको पढाइ हुने भएमा – २० अङ्क दिने |
| २ | बिद्यालयसँग भएको जग्गाको पर्याप्तता (छात्रावास र आउटडोर गेमका लागि) | २० | • माथि बुँदा नं १ (ख) बमोजिम तोकिएको निर्माणका लागि चाहिने न्यूनतम भन्दा ३३ प्रतिशतसम्म बढी भएमा – ५ अङ्क दिने<br>• सो क्षेत्रफल ३३ प्रतिशत भन्दा माथि ६६ प्रतिशत सम्म बढी भएमा – १० अङ्क दिने<br>• सो क्षेत्रफल ६६ प्रतिशतभन्दा माथि शत प्रतिशत सम्म वढी भएमा – १५ अङ्क दिने<br>• शतप्रतिशत भन्दा बढी भएमा – २० अङ्क दिने |
| ३ | बिद्यालय बिद्यार्थी अनुपात | १५ | • आधारभुत तह कक्षा १–८ र माध्यमिक तह कक्षा ९–१२ को बिद्यालय बिद्यार्थी अनुपात अलग अलग गणना गर्ने<br>• आधारभुत तहको लागि अधिकतम ५ अङ्क र माध्यमिक तहका लागि अधिकतम १० अङ्क सम्म दिन सकिने<br>• सम्वन्धित तहको बिद्यालय बिद्यार्थी अनुपात जिल्लाको औसत बरावर वा सो भन्दा बढि भएमा प्रत्येक तहमा ५ अङ्कका दरले अङ्क दिने<br>• माध्यमिक तह कक्षा ९–१२ मा यस्तो अनुपात जिल्लाको औसत भन्दा ३० प्रतिशत देखि ५० प्रतिशत भन्दा तलको विन्दू सम्मले वढी रहेछ भने सो सम्वन्धित तहको लागि थप २ अङ्क प्रदान गर्ने<br>• यदि सो अनुपात ५० प्रतिशत वा सो भन्दा वढी प्रतिशत बिन्दूले बढी भएमा थप ३ अङ्क प्रदान गर्ने |
| ४ | बिद्यालयको अवस्थिति | २० | • बिद्यालय हातासम्म मोटर पुग्न सक्ने सडकको पहूँच भएको स्थानमा बिद्यालय रहेको भएमा– ५ अङ्क दिने<br>• नगर उन्मुख वा शहरीकरण भै रहेको स्थानमा अवस्थित बिद्यालय भएमा–५ अङ्क दिने<br>• आधा घण्टा सम्मको पैदल दुरीमा स्थानीय वजार रहेको वा १५ मिनेटको गाडी यात्रावाट वजार पुग्ने गरि नियमित यातायातको ब्यबस्था भएको भएमा– ५ अङ्क दिने<br>• एक भन्दा वढी गाविस/गाँउ पालिका वा नगरपालिकाका दुइ वा दुइ भन्दा वढी वडाका वालवालिकालाई पायक पर्ने स्थानमा रहेको बिद्यालय भएमा –५ अङ्क दिने |
| ५ | एसएलसीको नतिजा | १५ | • नतिजाको गणना गर्दा नियमित र मौका परीक्षा समेतमा उत्तीर्ण हुनेलाई आधार मानेर गरिने छ |

| | | | |
|---|---|---|---|
| | | | • बिद्यालयले तीन वर्षको औसतमा वार्षिक ४० जना बिद्यार्थी सहभागि गराएको हुनु पर्नेछ<br>• बिद्यालयको ३ वर्षको औसत नतिजा जिल्लाको औसत नतिजा भन्दा माथि रहेकोमा १ प्रतिशत बिन्दूले वढी भएकोमा ०.५ अङ्कका दरले बढीमा १५ अंक सम्म दिने |
| ६ | स्थानीय समुदायमा बिधुत र इन्टरनेटको पहूँच भएको | १० | • बिद्यालय रहेको स्थानीय समुदायमा राष्ट्रिय प्रसारणवाट वा स्थानीय प्रसारणवाट बिधुत आपूर्तिको ब्यबस्था भएको वा बिद्यालयमा बैकल्पिक उर्जाको प्रवन्ध भएमा– ५ अङ्क दिने<br>• बिद्यालय रहेको स्थानीय तहमा इन्टरनेट सन्जालको पहूँच पुगेको भएमा– ५ अङ्क दिने |

**छनौट सम्वन्धी अन्य ब्यबस्था**

माथि उल्लेख भएका बिषयका अतिरिक्त छनौट सम्वन्धी अन्य ब्यवस्था देहाय बमोजिम हुनेछ :

क) शिक्षा बिभागले इच्छुक बिद्यालयहरुले आवेदन दिनको लागि सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

ख) शिक्षा बिभागले सूचना जारी गरेपछि सम्वन्धित जिल्ला शिक्षा कार्यालयहरुले उच्च माध्यमिक बिद्यालयका प्रधानाध्यापकहरुको बैठक गरी यस बिषयमा आवश्यक जानकारी गराउनु पर्नेछ ।

ग) बिभागले जारी गरेको सूचनाका आधारमा माथि बुँदा नं १ अन्तर्गतका चारओटै शर्तहरु पुरा गरेका विद्यालयले तोकिएको समय सीमा भित्र जिल्ला शिक्षा कार्यालयमा मापनका लागि चाहिने आवश्यक सम्पूर्ण कागजात सहित निवेदन पेश गर्नेछन् । कारणवस स्थापना काल देखि नै सार्वजनिक वा ऐलानी जग्गामा विद्यालय स्थापना भइ सञ्चालनमा रहेको कुनै सामुदायिक उच्च माध्यमिक बिद्यालयको आफ्नै नाममा लालपूर्जा नरहेको बिशेष अवस्थामा उक्त बिद्यालयले प्राप्त गरेको लिखित भोगाधिकार सम्वन्धी कागजात संलग्न गर्न सकिने वा बिद्यालयले आधार र कारण सहित पेश गरेको निबेदनमा जिल्ला शिक्षा अधिकारीले सामुदायिक बिद्यालयले सो जग्गा भोग गरिरहेको अवधि खुलाई त्यसमा कुनै बिवाद नरहेको ब्यहोरा प्रमाणित गरी निवेदन दर्ता गर्न सक्नेछ । यसो गर्दा प्रारम्भिक मूल्याङ्कनको कैफियतमा उक्त कुरा खुलाउनु पर्नेछ ।

घ) सम्वन्धित जिल्ला शिक्षा कार्यालयले तोकिएको समयभित्र रितपूर्वक पर्न आएका निवेदनहरुको जिल्ला शिक्षा कार्यालयमा रहेको अभिलेख समेतका आधारमा अङ्क सहित प्रारम्भिक मूल्याङ्कन गर्नेछ ।

ङ) प्रारम्भिक मूल्याङ्कनमा अङ्क भार प्रदान गरिएका सबै बिद्यालयहरुको प्राप्ताङ्कको समष्टिगत तालिका सहित उच्चतम अङ्क प्राप्त गर्ने ५ बिद्यालयहरुको सक्कलै फाइल जिल्ला शिक्षा कार्यालयले तोकिएको समयभित्रै पुग्ने गरी शिक्षा बिभागमा पठाउने छ ।

च) जिल्लावाट प्रारम्भिक छनौट भई आएका ५ बिद्यालयहरुको शिक्षा बिभागका प्रतिनिधि र सम्वन्धित क्षेत्रीय शिक्षा निर्देशनालयका उपसचिव स्तरका कर्मचारी सम्मिलित टोलिले आवश्यक

स्थलगत अवलोकन सहित प्रारम्भिक मूल्याङ्कनको भेरिफिकेसन गर्नेछ । यसरी भेरीफिकेशन गर्दा सारभुत रुपमा पाँचओटै बिद्यालयको अङ्क थपघट भइ स्थानमानमा फरक पर्न गएमा सवै सूचीकृत बिद्यालयको भेरिफिकेशन गर्नेछ । उक्त भेरीफिकेशनवाट उच्चतम अङ्क प्राप्त गरेका तीन विद्यालयलाई टोलिले छनौटका लागि सिफारिस गर्नेछ ।

छ) शिक्षा बिभागले टोलिवाट सिफारिस भै आएका बिद्यालयको नाम ठेगाना सहितको बिबरण आफ्नो बेवसाइटमा तथा सम्वन्धित जिल्ला शिक्षा कार्यालयमा सार्वजनिकरण गरी आवश्यक निर्णयको लागि राय सहित शिक्षा मन्त्रालयमा पठाउनेछ ।

ज) प्रारम्भिक छनौट र भेरिफिकेसन समेतका आधारवाट शिक्षा मन्त्रालयमा प्राप्त हुन आएका बिद्यालयहरुलाई छनौट गर्ने सम्वन्धी निर्णयका लागि श्रीमान् शिक्षा सचिवज्यूको अध्यक्षतामा गठित समितिमा पेश गरिनेछ । निर्णयका आवश्यक प्रकृया पुरा भएपश्चात् छनौट भएका विद्यालयलाई सम्वन्धित शिक्षा कार्यालय मार्फत् जानकारी दिइने छ ।

झ) देशभित्र हाल सार्वजनिक गुठी अन्तर्गत अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका संस्थागत बिद्यालयहरुलाई शिक्षा मन्त्रालयले आदर्श बिदयालयको रुपमा बिकास गरी सार्वजनिक निजी साझेदारी वा अन्य यस्तै प्रकारले अवधारणा पत्रमा उल्लेख भए बमोजिम ब्यबस्थापन गर्ने गरी सन्चालन गर्न चाहेमा यसै आधार बमोजिम त्यस प्रकारका बिद्यालयहरु वीच मात्र प्रस्तावना वा निवेदन आह्वान गरी छनौट गर्न सकिनेछ ।

ञ) एक जिल्लामा एक भन्दा वढी बिद्यालय छनौट गर्नुपर्ने अवस्थामा पहिलो पटक सबैभन्दा उच्चतम अङ्क ल्याउने उच्च माध्यमिक बिद्यालय छनौट भएपछि सो विद्यालय रहेको निर्वाचन क्षेत्र वाहेकका निर्वाचन क्षेत्र भित्रका बिद्यालयमध्येवाट मात्र माथि उल्लेख भएका बिधि र प्रकृयावाट उच्चतम अङ्क ल्याउने विद्यालयलाई छनौट गर्ने ब्यबस्था मिलाउन सकिने छ ।

ट) पुन निर्माणमा सघाउने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था वा दातृनिकायले मन्त्रालयले तयार पारेको अवधारणा पत्र र यसमा उल्लेख भएका आधारहरुको अधिनमा रही पहिचान भएका १९ बिद्यालय वाहेक अबधारणा पत्रको बुँदा नं ७ मा उल्लेख भएबमोजिमको आधारवाट छनौट हुनसक्ने अन्य बिद्यालयलाई नमूना बिद्यालयको रुपमा बिकास हुने गरी पुन निर्माण गर्ने चासो वा तत्परता देखाएमा पुन निर्माणको लागि गठन भएको जिल्ला कार्यन्वयन एकाई र शिक्षा बिभाग अन्तर्गत रहेको कार्यक्रम कार्यन्वयन एकाइका साथै शिक्षा बिभागले आवश्यक सहजीकरण गर्नेछन् ।

ठ) बिद्यालय छनौट सम्वन्धी उजुरी तथा गुनासो सुन्ने निकाय शिक्षा मन्त्रालय हुनेछ । साथै यसमा उल्लेख भएका सूचकको कार्यन्वयनमा कुनै दुबिधा पर्न गएमा शिक्षा मन्त्रालयले गरेको ब्याख्या वा दिएको निर्देशन बमोजिम हुनेछ ।